# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : ११६

मितिः २०७७/१२/२२

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्नुहुने प्रतिनिधिसभा र राष्ट्रिय सभाका आमन्त्रित माननीय सदस्यहरु, नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव र सम्वद्ध पदाधिकारी साथै कर्णाली कोरिडोरसँग सम्वद्ध नेपाली सेनाका पदाधिकारीहरुको उपस्थितिमा कर्णाली प्रदेशका प्राथमिकता प्राप्त राष्ट्रिय स्तरका र रणनीतिक सडक खण्डहरुको हालसम्मको प्रगतिका सम्बन्धमा छलफल भई देहाय बमोजिमको निर्णय भयो:

१ जलस्रोत, जडीबुटी र पर्यटनको क्षेत्रमा राष्ट्रलाई उल्लेख्य योगदान पुऱ्याउने सम्भाव्यता बोकेको कर्णाली प्रदेशमा कठिन भूगोल र सरकारले प्राथमिकता अनुसार आवश्यक बजेट विनियोजनमा ध्यान नपुऱ्याउँदा राष्ट्रिय प्राथमिकता प्राप्त सडक र रणनीतिक सडक खण्डहरुको निर्माण र स्तरोन्नतिले गति लिन नसक्दा कर्णाली प्रदेशका नागरिकहरुले कष्टपूर्ण जीवन यापन गर्नु परिरहेको छ । कर्णाली प्रदेशका नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने र कर्णाली प्रदेशकै आर्थिक मेरुदण्डको रुपमा रहेका यस्ता महत्वपूर्ण सडकहरुको विषयमा थप छलफल गरी निर्माणको कामलाई प्रभावकारी बनाउन निष्कर्षमा पुग्नु पर्ने भएकोले राष्ट्रिय योजना आयोग, नेपाल सरकार, अर्थ मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई समितिको आगामी बैठकमा आमन्त्रण गर्ने ।

२ नेपाली सेनाद्वारा निर्माणाधीन कर्णाली कोरिडोर खुलालु-लैफु-सलिसल्ला र महाकाली कोरिडोर दार्चुला-टिंकर सडकखण्डको उपयुक्त समयमा एक संसदीय टोली गठन गरी स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने र भ्रमण टोलीमा रहनुहुने माननीय सदस्यहरुको चयन सभापतिले गर्ने ।

३ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

(ओमबहादुर कार्की)
समिति सचिव

(मा. कल्याणी कुमारी खड्का)
सभापति